## पोखरा बहुमुखी क्याम्पस र शिनावात्र विश्वविद्यालय बिच सहकार्य सम्झौता (माघ १३)






थाइल्याण्डमा अवस्थित सिनावात्र विश्वविद्यालय र पोखरा बहुमुखी क्याम्पस बिच आपसी सहयोग र सहकार्यका लागि सम्झौता भएको छ । गत माघ १३ गते थाइल्यान्डमा आयोजित रिसर्च गोष्ठी का सन्दर्भमा उक्त युनिभर्सिटी र क्याम्पस बिच सहप्राध्यापक भीमप्रसाद न्यौपानेको संयोजकत्वमा सम्झौता पत्रमा हस्ताक्षर भएको छ । सिनावात्र विश्वविद्यालयका सहायक डिन डा. इमेल्डा हेर्मिलिन्डा एबास, बिश्वविद्यालय का असिस्टेन्ट प्रोफेसर डा. प्रतीक्षा भण्डारी र पोखरा बहुमुखी क्याम्पसका तर्फबाट क्याम्पस प्रमुख शिशुकला पराजुली कार्यक्रमका संयोजक भीमप्रसाद न्यौपानेले हस्ताक्षर गर्नुभएको छ।

उक्त सम्झौतामा क्याम्पसका शैक्षिक गतिविधि, अनुसन्धान अनुभव र शैक्षिक संस्थाको उन्नयन साथै पेशागत विकास, अनुसन्धानात्मक सहकार्य, विद्यार्थी र शिक्षकलाई नयाँ परिवेशमा सहकार्य गर्न सकिने बारेमा सम्झौता गरिएको छ । कार्यक्रममा क्याम्पसको तर्फबाट शिशुकला पराजुलीले क्याम्पस संचालक समितिका अध्यक्ष शंकर गुरुङले भर्चुअल मन्तव्य राख्नुभएको थियो। सिनावत्र विश्वविद्यालयका तर्फबाट डा. प्रतिक्षा भण्डारीले शुभकामना दिनु भएको थियो।

## ICT तथा AI सम्बन्धी ३ दिने तालिम (माघ १५-१७)






शिक्षण तथा प्रशासनिक कार्यलाई प्रविधिमैत्री बनाउने उद्देश्यका साथ प्राध्यापक तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले २०८२ माघ १५-१७ गतेसम्म ३ दिने ICT तथा AI सम्बन्धी तालिम सञ्चालन गरियो । तालिममा आधारभूत ICT सिप शिक्षण सिकाइ, सिकाइमा कृत्रिम बुद्धिमता (AI) को प्रयोग तथा पाठशाला एपको प्रभावकारी प्रयोग सम्बन्धी व्यवहारिक ज्ञान र सिप प्रदान गरिएको थियो। तालिममा सहजकर्ताका रूपमा ई. कुशल कठायत र प्राविधिक सहयोगीका रूपमा विशेष गौतमले सहजीकरण तथा प्राविधिक सहयोग प्रदान गर्नुभएको थियो।

## भिम-उत्तिम छात्रवृत्ति पुरस्कार (माघ २१ गते)




क्याम्पसको समग्र शैक्षिक उन्नयनका लागि उत्कृष्ट तथा मेहनती विद्यार्थीलाई अध्ययनमा प्रेरित गर्न तथा कमजोर आर्थिक अवस्था भएका विद्यार्थीलाई शैक्षिक सहयोग प्रदान गरी अध्ययनमा निरन्तरता दिलाउने उद्देश्यले शिक्षासेवी छोरा गोविन्द शेरचन र छोरी पूर्ण कुमारी शेरचनले आफ्ना स्व. बुबा आमा भीम-उत्तिम स्मृतिमा शैक्षिक पुरस्कार स्थापना गर्नु भएको थियो।

विशेष समारोह आयोजना गरी भिम-उत्तिम स्मृति शैक्षिक पुरस्कार छात्रवृति १० जना विद्यार्थीलाई रु. १०,०००।- प्रति विद्यार्थी वितरण गरियो।

यस वर्षको शैक्षिक पुरस्कार प्राप्त गर्नेमा व्यवस्थापन तथा मानविकी संकायबाट प्रशंसा थारु, पार्वती विश्वकर्मा, सन्जान ढुंगाना, स्मृती जी.टी., संकल्प थापा र बिमला श्रेष्ठ, सन्दिप सुर्खेती र रेविका राइ, निरमाया थापा मगर र दुर्गा अधिकारी रहनुभएको थियो । साथै यस बाहेक अर्को ४ लाखको अक्षयकोषको शैक्षिक छात्रवृत्ति वार्षिकोत्सवको अवसर पारेर वितरण गरिँदै आएको छ।

## जलवायु परिवर्तन सम्बन्धी समुदाय सचेतना कार्यक्रम (माघ २३)





जलवायु परिवर्तन यसका असर तथा न्यूनीकरणका उपाय सम्बन्धी एक दिने समुदाय सचेतना कार्यक्रम सम्पन्न गरियो । कार्यक्रममा जलवायु परिवर्तनका कारण तथा समुदायमा परेको प्रभाव, जोखिम न्यूनीकरण तथा वातावरण संरक्षणका व्यवहारिक उपाय बारे जानकारी प्रदान गरिएको थियो । कार्यक्रमको सहजीकरण डिभिजन वन कार्यालय, कास्कीका डिएफओ श्री कोमलराज काफ्लेले गर्नुभएको थियो । कार्यक्रममा १०० भन्दा धेरैको उपस्थिति रहेको थियो भने सहभागीहरुले यस कार्यक्रमबाट वातावरण संरक्षण प्रति आफूहरूको चासो बढेको र जिम्मेवार बन्न प्रेरित भएको बताउनु भएको थियो।

## तीनदिने ICT तथा AI सम्बन्धी तालिम



प्राध्यापक तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले २०८२/१०/१५ देखि २०८२/१०/१७ गतेसम्म तीनदिने ICT तथा Artificial Intelligence (AI) सम्बन्धी तालिम सञ्चालन गरिएको थियो। तालिममा आधारभूत ICT सीप, शिक्षण-सिकाइमा कृत्रिम बुद्धिमत्ता (AI) को प्रयोग तथा पाठशाला एपको प्रभावकारी प्रयोगसम्बन्धी व्यावहारिक ज्ञान र सीप प्रदान गरिएको थियो। तालिममा सहजकर्ताका रूपमा ई. कुशल कठायत तथा प्राविधिक सहयोगीका रूपमा विशेष गौतमले सहजीकरण तथा प्राविधिक सहयोग प्रदान गर्नुभएको थियो।

## जलवायु परिवर्तनसम्बन्धी समुदाय सचेतना कार्यक्रम



जलवायु परिवर्तन, यसका असर तथा न्यूनीकरणका उपायसम्बन्धी एकदिने समुदाय सचेतना कार्यक्रम सञ्चालन गरिएको थियो। कार्यक्रममा जलवायु परिवर्तनका कारण वातावरण तथा समुदायमा परेको प्रभाव, जोखिम न्यूनीकरण तथा वातावरण संरक्षणका व्यावहारिक उपायहरूबारे जानकारी प्रदान गरिएको थियो। कार्यक्रमको सहजीकरण डिभिजन वन कार्यालय, कास्कीका मँइ श्री कोमल राज काफ्लेले गर्नुभएको थियो। कार्यक्रममा सहभागी हरुले वातावरण संरक्षणप्रति आफुहरुको चासो बढेको र जिम्मेवार बन्न प्रेरित गरेको बताउनु भएको थियो।

## बिबिएसका विद्यार्थीलाई रिपोर्ट लेखन अभिमुखीकरण (फागुन १४)



बिबिएस चौथो वर्षमा अध्ययनरत विद्यार्थीका लागि अनुसन्धानमूलक लेख लेखन, लेखको संरचना, लेखन विधि, तथ्यपरक जस्ता विषयमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञान प्रदान गर्ने उद्देश्यले एक दिने रिपोर्ट लेखन कार्यक्रम आयोजना गरियो । अभिमुखीकरणको सहजीकरण पोखरा बहुमुखी क्याम्पस अनुसन्धान परामर्शदाता डा.जस बहादुर गुरुङले गर्नुभयो । कार्यक्रममा बिबिएस सबै तहका गरि ३० जना विद्यार्थी सहभागी थिए । कार्यक्रमको संयोजन क्याम्पस अनुसन्धान व्यवस्थापन समिति संयोजक दिपक प्रसाद घिमिरेले गर्नुभयो ।

## लक्ष्मी गुरुङ आर्थीक सहयोग (फागुन १५ गते)



क्याम्पसको शैक्षिक उन्नयन सहयोगार्थ पोखरा रत्नचोक निवासी शिक्षासेवी सुश्री लक्ष्मी गुरुङले अक्षरुपी रु एक लाख एक सय पचास आर्थीक सहयोग प्रदान गर्नुभयो। फागुन १५ गते क्याम्पसका आजीवन सदस्य श्री विजय कुमार गुरुङ मार्फत उहाँले उक्त रकम क्याम्पसलाई हस्तान्तरण गर्नुभयो ।

## जातीय विभेद विरुद्ध अभिमुखीकरण (चैत १०)




६१ औ रंगभेद तथा जातीय उन्मुलन दिवस को अवसर मा मंगल बार मानव अधिकारका लागि दलित महिला सशक्तीकरण नेपालले क्याम्पसमा लैङ्गिक तथा जातीय हिंसा सम्बन्धि अभिमुखिकरण कार्यक्रम गऱ्यो । कार्यक्रममा जातिय, लैङ्गकि, र सामजिक विभेद र यसबाट ब्यक्तिगत रुपमा आउन सक्ने समस्याहरु बारे विद्यार्थीलाई प्रष्ट पारिएको थियो । उक्त अभिमुखीकरणको सहजीकरण जिल्ला प्रहरी कार्यालय कास्कीका वरिष्ठ प्रहरी निरीक्षक होत बहादुर रोक्काले गर्नुभयो । कार्यक्रममा विभेद र हिंसाका कारण समाजमा पछिल्लो क्रममा बलात्कार जस्ता जघन्य

अपराधहरु भैरहेको जनाउदै यस्ता घटनाका सम्बन्धमा भएका कानुनी व्यवस्थाहरुका बिषयमा प्रष्ट पार्दै युवाहरुलाई समाजमा भएका विकृति र विसंगतिबाट बच्न सचेत गराइएको थियो ।

### स्व. गणेश गुरुङ अक्षयकोष स्थापना (चैत २३ गते)



क्याम्पस संचालक समितिका कोषाध्यक्ष समीर गुरुङले चैत २३ गते, स्वर्गीय बुबा गणेश गुरुगको स्मृतिमा अक्षरुपी रु दुइ लाख एक सय एघार को अक्षयकोष स्थापना गर्नुभयो । गरिव तथा जेहेन्दार विद्यार्थी लाई प्रोत्साहन र क्याम्पसको बहुपक्षीय विकासका लागि सहयोग स्वरुप उक्त अक्षयकोष स्थापना गरेको उहाँले बताउनुभयो । यस क्याम्पस स्थापना र स्थायित्वकको लागि अत्यन्तै ठूलो योगदान रहेको छ ।

### क्यालेण्डर विमोचन तथा नयाँ वर्ष २०८३ शुभकामना आदान प्रदान कार्यक्रम (चैत्र २७)



नयाँ वर्ष २०८३ का सन्दर्भमा चैत २७ गते शैक्षिक क्यालेण्डर विमोचन तथा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न भयो । क्याम्पस संचालक समितिका पदाधिकारी तथा क्याम्पस प्रमुखले उक्त क्यालेण्डर विमोचन गर्नुभयो । कार्यक्रममा संचालक समिति, सल्लाहकार समिति सहित प्राध्यपक, कर्मचारी र विद्यार्थीबिच आपसमा शुभकामना आदान प्रदान गरिएको थियो ।

### दुई दिने 'कन्टेन्ट क्रिएसन' तालिम सम्पन्न (जेष्ठ ७ र ८)






क्याम्पसमा क्रियाशिल विद्यार्थी समूह नेचर क्लब र (SQC) विद्यार्थी गुणस्तर सर्कलको संयुक्त आयोजनामा अध्ययनरत विद्यार्थीहरूका लागि दुई दिने Capacity Development Training on Content Creation सम्बन्धी क्षमता विकास तालिम सम्पन्न भयो । तालिमको सहजकर्ताका रुपमा यसै क्याम्पसमा अध्ययन रत विनोद ढुङ्गाना रहेका थिए ।

### पत्रकार सम्मेलन २०८३ (जेष्ठ १३)



क्याम्पसमा यही जेठ १५ र १६ गते आयोजना गर्न लागेको राष्ट्रिय अनुसन्धान सम्मेलन Emerging Trends in Management and Social Sciences Education-2026 का विषयमा जानकारी दिनका लागि जेठ १३ गते पत्रकार सम्मेलन आयोजना गरियो । पत्रकार सम्मेलनमा विभिन्न राष्ट्रिय र स्थानीय आमसंचारमाध्यमका करिव ३० जना पत्रकारहरुको सहभागिता रहेको थियो । सम्मेलनको सहजीकरण सह प्राध्यापक भानु पराजुलीले गर्नुभयो ।

### अनुसन्धान राष्ट्रिय सम्मेलन उद्घाटन (जेष्ठ १५-१६)



शैक्षिक क्षेत्रमा भएको नविनतम अभ्यास, प्रविधि र अवधाराणको आदान प्रदान तथा अनुसन्धान संस्कृतिको विकास गर्ने उद्देश्यका साथ पोखरा बहुमुखी क्याम्पसले आयोजना गरेको Emerging Trends in Management and Social Sciences Education "व्यवस्थापन तथा सामाजिक विज्ञानमा उदयमान प्रवृत्ति विषयक अनुसन्धान राष्ट्रिय सम्मेलन - २०८३ " जेठ १५ र १६ गते सम्पन्न भयो । उक्त कार्यक्रममा देशभरका विभिन्न विश्वविद्यालय र क्याम्पससँग आवद्ध प्राज्ञिक व्यक्तित्व, अनुसन्धन कर्ता, तथा विद्यार्थीको सहभागिता थियो ।



कार्यक्रमको उदघाटन त्रिभुवन बिश्वबिधालयका रजिस्ट्रार तथा डीन प्रा.डा. महानन्द चालिसेज्यूले गर्नुभयो । यस सम्मेलनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विषय विज्ञ, प्राध्यापक, अनुसन्धानकर्ता तथा विद्यार्थीहरूका अनुसन्धानमूलक लेख गरी जम्मा ४० वटा अनुसन्धानमूलक लेखहरु प्रस्तुत भएका थिए ।

यसैगरी प्यानल डिस्कसनमा प्रा.डा. लेखनाथ भट्टराई, पो.उ.वा. संघका पूर्व अध्यक्ष विश्व शंकर पालिखे र ग्रीन डेभलपमेन्ट बैंकका कार्यकारी अधिकृत हरि बुढाथोकी रहनु भएको थियो । कार्यक्रम सञ्चालक समितिका अध्यक्ष शंकर गुरुङको अध्यक्षतामा सम्पन्न भएको थियो भने स्वागत मन्तव्य क्याम्पस प्रमुख शिशुकला पराजुलीले राख्नुभएको थियो ।

यस क्याम्पसको तर्फबाट कार्यक्रम संयोजक भिम प्रसाद न्यौपाने, सह प्राध्यापकहरु धुव थापा, विदुर पराजुली, भानु पराजुली, स्मीता अधिकारी, विद्यार्थीहरु गणेश रामदाम र सविना मगरले आ आफना अनुसन्धानपत्र प्रस्तुत गर्नुभयो ।

उक्त रिसर्च सम्मेलनमा डा. चन्द्रा भद्रा, गण्डकी विश्वविद्यालयका कुलपति प्रोफेसर डा. इन्द्र प्रसाद तिवारी तथा थाइल्याण्डको शिनावात्र विश्वविद्यालयका पूर्व डिन प्रमुख वक्ता प्थथ लयतभ_क्ुभबपभच को भूमिकामा रहनुभएको थियो । कार्यक्रमको संयोजन यस क्याम्पसका सह प्राध्यापक भिम प्रसाद न्यौपानेले गर्नुभएको थियो ।

## विद्यार्थीका सामाजिक समूह गठन



शैक्षिक गुणस्तर, सहकार्य, सिर्जनशीलता, सामाजिक उत्तरदायित्व र जिम्मेवार नेतृत्व विकासका लागि स्थापित विद्यार्थी समूहरू विद्यार्थी कल्याणकारी सङ्घ, विद्यार्थी गुणस्तर सर्कल ९क्तत्र० र नेचर क्लब पूर्ण गठन गरियो । जस अन्तर्गत अध्यक्षहरुमा रोहित गुरुङ, वि.क.स., आरती पौडेल SQC संयोजक र गणेश बहादुर रामदाम नेचर क्लबमा सर्वसम्मत चयन हुनुभयो ।

## शैक्षिक गुणस्तर सम्बन्धी संयुक्त वैठक



क्याम्पसको समग्र विकासका लागि जेष्ठ २४ गते सञ्चालक समिति, प्राध्यापक रक र्मचारीबीच संयुक्त वैठक पोखरा २५ हेम्जा अवस्थित सुइखेत भ्याली रिसोर्टमा बस्यो । वैठकमा शैक्षिक गुणस्तर, संस्थागत सुशासन र क्याम्पसको दीर्घकालीन विकासका लागि प्रस्तावित नीति तथा योजना माथि छलफल गरी निर्णय गरियो ।

## जर्नल अंक –५ प्रकाशन




यस क्याम्पसले अनुसन्धान तथा शैक्षिक गतिविधिलाई प्रोत्साहन गर्दै निरन्तर रूपमा जर्नल प्रकाश गर्दै आएकोमा हाल Journal of Multidisciplinary Research, ख्यी छ Issue I प्रकाशन भएको छ । यस प्रकाशनले आगामी दिनमा अनुसन्धानात्मक कार्यलाई झन सुदृढ र प्रभावकारी बनाउने विश्वास लिइएको छ ।

## गुरु पूर्णीमा विशेष कार्यक्रम



गुरु पूर्णीमा २०८३ अन्तर्गत सपूर्ण गुरुजनको सम्मान गर्दै विद्यार्थीहरुले गूरुपूर्णीमा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न गरे । विद्यार्थी कल्याणकारी सघ, नेचर क्लव र विद्यार्थी गुणस्तर सर्कलले संयुक्तरुपमा उक्त कार्यक्रम गरेको हो । कार्यक्रममा विद्यार्थीहरुले गुरुजनको सम्मान प्रष्फुटन हुने साहित्य सृजना तथा अभिव्यक्तिहरु प्रस्तुत गरेका थिए । कार्यक्रममा शिक्षक र विद्यार्थीबिच शुभकामना आदान प्रदान गरिएको थियो । कार्यक्रमको संचालन नेचर क्लबका अध्यक्ष गणेश रामदामले गरेका थिए ।

*2083/04/29*